# गण्डकी प्रदेशका योजना,अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा शाखामा कार्यरत कर्मचारी र मध्यमकालीन खर्च संरचना बनाउने प्राबिधिक समितिका सदस्यहरुलाई मध्यमकालीन खर्च संरचना सम्बन्धी अभिमुखिकरण


डा. गिरिधारी शर्मा पौडेल
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश


१५ फागुन २०७९


ईमेल: giridharisp@gmail.com

फोन:९८५११६०२३७

# छलफलका विषयवस्तु

- मध्यमकालीन खर्च संरचना (Medium-term Expenditure Framework- MTEF) को अवधारणा,
- नेपालमा मध्यमकालीन खर्च संरचनाको प्रयोग र यसको कानूनी आधार,
- नीति, योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रमबीचको अन्तरसम्बन्ध,
- प्रदेशमा मध्यमकालीन खर्च संरचनासम्बन्धी संस्थागत व्यवस्था,
- मध्यमकालीन खर्च संरचनाको तर्जुमा प्रक्रिया र जिम्मेवारी,
- आयोजना प्राथमिकीकरण तथा सांकेतीकरणका आधारहरू,
- केही महत्वपूर्ण फारामहरुबारे जानकारी र सवालहरु सम्बन्धमा छलफल ।

# प्रदेशको भूमिका तथा कार्यप्रक्रिया

## संबिधान अनुरुप प्रदेशको कार्य जिम्मेवारी

- मध्यम स्तरका पूर्वाधार विकास
- आर्थिक बिकास
- सुशासन

### संचालन बिधि पद्धति

- संबैधानिक ब्यबस्था
- संघीय कानून

↓

- प्रदेश बाट निर्मित कानून
- निर्देशिका, बिधि, पद्धति
- कार्य संचालन प्रक्रिया
- नागरिक बडापत्र
- साधन, जनशक्ति, पूर्वाधारहरु

### योजनाबद्ध प्रयास

बिषय क्षेत्रगत नीति

↓

आबधिक योजना

↓

मध्यमकालीन खर्च संरचना

↓

बार्षिक नीति तथा कार्यक्रम

↓

बार्षिक बजेट तथा कार्यक्रम

### मूल्य मान्यता

- नतिजा केन्द्रित, सहभागितामूलक र समावेसी विकास
- पारदर्शी एवम् जवाफदेहीपूर्ण कार्य संचालन प्रक्रिया
- सेवा प्रवाहमा पहुँच, समता र गुणस्तर
- स्रोत साधनको उपयुक्त परिचालन तथा उत्पादकत्व अभिबृद्धि
- निजीक्षेत्र, गैसस, सहकारीका कार्यको समन्वय
- सहभागितामूलक र प्रभावकारी अनुगमन तथा मूल्यांकन

# मध्यमकालीन खर्च संरचना (MTEF) को परिचय

- मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त ब्यवस्थापनको औजार हो,
- यो तीन बर्षको हुन्छ र हरेक बर्ष तीन बर्षको चक्रीय हिसाबले तयार गरिन्छ,
- यसमा तीन बर्षको अनुमानित आय तथा खर्च समावेस गरिन्छ,
- यसमा तीन बर्षमा खर्च हुने रकमबाट हासिल हुने अनुमानित नतिजा समावेस गरिन्छ,
- यसले सरकारलाई उपलब्ध हुने स्रोत साधनको आंकलन गरी प्राथमिकताका क्षेत्रमा बाँडफाँड गर्न मद्धत गर्छ,
- यसले उपलब्ध स्रोत साधनलाई नतिजासँग जोड्न र वार्षिक बजेटलाई यथार्थपरक तथा अनुमानयोग्य बनाउन मद्धत गर्छ ।

# मध्यमकालीन खर्च संरचना (MTEF) का उद्धेश्यहरु

- नीति, आबधिक योजना तथा बार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत साधनको विनियोजनलाई उपलब्धीमूलक बनाउनु,
- आयोजनाहरुको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाहरुका लागि स्रोतको सुनिश्चितता गर्नु,
- प्रदेश सरकारलाई प्राप्त हुने मध्यम अबधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनु,
- सार्बजनिक खर्चलाई बढी प्रभावकारी तथा कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।


# मध्यमकालीन खर्च संरचना (MTEF) बनाउनुका फाइदाहरु

- वार्षिक बजेट तथा कार्यक्रमको आवधिक योजनासंग अन्तरसम्बन्ध कायम गराउने,
- बजेट तर्जुमालाई यथार्थपरक र अनुमानयोग्य बनाई बिनियोजन कुशलता बृद्धि गर्ने,
- नीतिगत प्राथमिकताका क्षेत्र र बहुबर्षीय आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने,
- सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाई लक्षित प्रतिफल प्राप्त गर्न सघाउने,
- नतिजा केन्द्रित हुने, अर्थात् नतिजा नदेखिने साना कार्यक्रममा बजेट नछर्ने,
- योजनाको मध्यमकालीन नतिजा आंकलन गरी नीतिगत परिवर्तनका आधारमा खर्चको पुनर्बितरण गर्ने,
- वजेटको कार्यान्वयनमा आर्थिक अनुशासन कायम गरी वित्तीय सुशासन कायम गर्न मद्दत गर्ने,
- वडागत भागबण्डा वा टुक्रे आयोजनामा स्रोत नछरी नतिजा देखिने आयोजनामा बजेट विनियोजन गर्ने,
- दिगो विकासका लक्ष्य हासिल गर्नमा उचित जोड दिने ।

# नेपालमा मध्यमकालीन खर्च संरचनाको अनुभव र सिक्न सकिने बिषयहरु

- नेपालमा यस खर्च संरचना दशौं योजनाको प्रारम्भ (आ.व. २०५९/६०) देखि नै सुरु भएको हो,
- आयोजनाहरूको प्राथमिकीकरण र साधनलाई नतिजासँग जोड्ने बिषयमा यसको योगदान रह्यो,
- तर, बाध्यकारी कानूनी ब्यवस्थाको अभाव, क्षमता नहुनु र सुधारप्रति प्रतिबद्ध नहुँदा यसले निरन्तरता भने पाएन,
- दुइ दशकको अनुभवबाट सिक्न सकिने बिषयहरु:
  - यस खर्च संरचनालाई बजेट प्रक्रियाकै अभिन्न अंगका रुपमा लिने (बार्षिक कार्यक्रम दस्तावेजमै समावेस गर्ने,
  - परामर्शदातामा बढी भर पर्दा आन्तरिक क्षमता बृद्धि नहुने र आन्तरिकीकरणमा समस्या रहने,
  - यसलाई वजेट बर्ष पछिका २ बर्षको बजेट सीमान्तरुपमा बृद्धि गर्नुका रुपमा मात्रै लिन नहुने,
  - मध्यमकालीन खर्च संरचनाले मात्रै बजेट विनियोजनका सबै समस्या हल नगर्ने,
  - यसको प्रभावकारिता बढाउन आयोजना बैंकलाई संस्थागत गर्नुपर्ने ।

# योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट बीचको अन्तरसम्बन्ध



# मध्यमकालीन खर्च संरचनाका प्रमुख अवयवहरू

**मध्यमकालीन खर्च संरचना (MTEF)**

**मध्यमकालीन नतिजा खाका (MTRF)**

आवधिक योजनाका नतिजा सूचकको लक्ष्य अनुसार मध्यमकालीन लक्ष्य निर्धारण

**मध्यमकालीन आर्थिक/वित्त खाका (MTFF)**

समष्टिगत आर्थिक उत्पादन, रोजगारी, पारिवारिक आय लगायत सूचकको लक्ष्य सहित समष्टिगत आर्थिक खाकाको तयारी

**मध्यमकालीन बजेट र कार्यक्रम खाका (MTBF)**

स्रोतको आवश्यकता र उपलब्धता अनुमान, आयोजनाको प्राथमिकीकरण खर्च (चालु, पूँजीगत, वित्तीय) र आय (राजस्व, अनुदान, ऋण) को अनुमान

# त्रिबर्षीय चक्रीय मध्यमकालीन खर्च संरचनाको उदाहरण

(रू. करोड)

| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| म का ख सं १ (२०७६/७७-२०७८/७९) | ४३९ | ४५९ | ४९९ | | | |
| म का ख सं २ (२०७७/७८-२०७९/८०) | - | ५९६ | ६२० | ६४५ | | |
| म का ख सं ३ (२०७८/७९-२०७९/८०) | - | - | ६३० | ६५० | ६८० | |
| म का ख सं ४ (२०७९/८०-२०८१/८२) | - | - | - | ६१० | ६६० | ७०० |

# कार्यक्रम/आयोजना वा उपक्षेत्रको त्रिबर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र सांकेतीकरण

(रकम रू. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | आगामी पहिलो आ ब को विनियोजन | | | | आगामी दोस्रो आ ब को प्रक्षेपण | | | | आगामी तेस्रो आ ब को प्रक्षेपण | | | | सांकेतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य संकेत | लैंगिक संकेत | जलवायु संकेत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

# बिषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षीय अनुमानको ढाँचा

(रकम रू. हजारमा)

| आर्थिक बर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | बिकास साझेदार | समुदाय सहकारी तथा अन्य क्षेत्र |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# प्रदेशको समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को यथार्थ उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०../.. | २०../.. | २०../.. |
| १ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | | | | |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | | | | |
| ३ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | | | | |
| ४ | प्राविधिक वा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | | | | | |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | | | | |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | | | | | |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | | | | | |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | | | | | |

# प्रदेशको समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क्र.सं | सूचक/लक्ष्य | एकाइ | गत आ ब को उपलब्धि | चालू आ ब को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०…/… | २०…/… | २०…/… |
| १ | कुल ग्राहस्थ उत्पादन | रु. लाख | | | | | |
| १.१ | कृषि | रु. लाख | | | | | |
| १.२ | गैर-कृषि (उद्योग र सेवा) | रु. लाख | | | | | |
| २ | औसत पारिवारिक आय | रु. हजार | | | | | |
| ३ | उद्योग ब्यापार र व्यबसाय | सङ्ख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | प्रतिशत | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | | | | | |

# कानूनी आधारहरू (१)

**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- दफा १६- सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने ब्यवस्था गरेको
- दफा १७ (१)- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने
- दफा १७ (२)- मध्यमकालीन खर्च संरचनामा खुलाउनु पर्ने विषयमा समावेस,
- दफा १७ (३)- प्रदेश र स्थानीय तहले ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म आ-आफ्नो प्राथमिकता र आवश्यकताका आधारमा तयार गर्न सक्ने ।
- दफा २२ (१) ख- राजस्व र व्ययको अनुमान पेश गर्दा MTEF पनि संलग्न गर्नुपर्ने ।

# कानूनी आधारहरू (२)

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

- मध्यमकालीन खर्च संरचनामा देहायका विवरण खुलाई प्राथमिकीकरण गर्नुपर्ने (दफा ६)
  - आगामी ३ वर्षको समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका,
  - प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण,
  - क्रियाकलापको अनुमानित प्रति इकाई लागत,
  - आयोजना/कार्यक्रम सञ्चालनमा लाग्ने समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल ।
- स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गर्नुपर्ने (दफा ७)

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७

- आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गर्नु पर्ने ।

# मध्यमकालीन खर्च संरचनामा खुलाउनु पर्ने विवरण

(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा १७ (२))

- प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य
- प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्टयाइँ
- प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि
- प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण
- खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण
- प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता
- सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

# मध्यमकालीन खर्च संरचनासम्बन्धी संस्थागत व्यबस्था (१)

| संस्था | MTEF सम्बन्धी जिम्मेवारी |
|---|---|
| प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा रहेको मध्यमकालीन खर्च संरचना निर्देशक समिति<br><br>योजना आयोगका सदस्य, मन्त्रालयका सबै सचिब र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयका योजना हेर्ने सचिब यसका सदस्य हुन्छन। | • आगामी तीन वर्षको कूल स्रोत र खर्चको प्रक्षेपण गर्ने;<br>• प्रक्षेपित कूल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्च सीमा निर्धारण गर्ने;<br>• मन्त्रालयहरु लाई नीतिगत र कार्यक्रमगत प्राथमिकता बारे मार्गदर्शन बनाई पठाउने।<br>• यस खर्च संरचनासम्बन्धी समग्र कार्यको निर्देशन गर्ने;<br>• प्राबिधिक समितिले तयार गरेको मध्यमकालीन खर्च संरचना जाँच र सूधार गरी अर्थमन्त्रालाई दिने। |

# मध्यमकालीन खर्च संरचनासम्बन्धी संस्थागत व्यबस्था (२)

| संस्था | MTEF सम्बन्धी जिम्मेवारी |
|---|---|
| मन्त्रालयको बजेट तर्जुमा समिति | • मन्त्रालयगत कार्यक्रम/आयोजना प्राथमिकीकरणको आधार तयार गर्ने;<br>• MTEF र आगामी आ.ब. को वजेट उपर छलफल र बिश्लेषण गर्ने;<br>• कार्यक्रम तथा आयोजनाको प्राथमिकता निर्धारण गरी मन्त्रालयको वजेट तथा कार्यक्रम तर्जुमा गर्ने । |

# मध्यमकालीन खर्च संरचनासम्बन्धी संस्थागत ब्यबस्था (३)

| संस्था | MTEF सम्बन्धी जिम्मेवारी |
|---|---|
| प्रदेश योजना आयोगमा अर्थ बिषय हेर्ने सदस्यको संयोजकत्वमा रहेको मध्यमकालीन खर्च संरचना तयारी प्राबिधिक समिति<br><br>यस समितिमा सबै मन्त्रालयका योजना महाशाखा तथा शाखाका प्रमुखहरु सदस्य हुन्छन। | • सम्बन्धित मन्त्रालयको वजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको कार्यक्रम तथा बजेट प्रदेशको प्राथमिकता अनुसार छ छैन छलफल गरी प्रदेशका प्राथमिकताका आधारहरु तयार गर्ने।<br>• बिषयगत मन्त्रालय र क्षेत्रहरुले तयार गरेका बिषयगत मध्यमकालीन खर्च संरचना निर्देशक समितिको निर्देशन बमोजिम एकिकृत गरी निर्देशक समितिमा पठाउने। |

# मध्यमकालीन खर्च संरचनासम्बन्धी संस्थागत ब्यबस्था (४)

| संस्था | MTEF सम्बन्धी जिम्मेवारी |
|---|---|
| प्रदेश अर्थमन्त्री<br>प्रदेश मन्त्रिपरिषद | • अर्थमन्त्रीले बार्षिक बजेट सहित प्रदेश मन्त्रिपरिषदमा पेश गर्ने।<br>• मन्त्रिपरिषदले प्रदेश शभामा पेश गर्ने।<br>• प्रदेश शभाले बजेटसंगै पाशगरेपछि कार्यन्वयनमा लैजाने। |

# कार्यक्रम तथा आयोजनाको सांकेतीकरण

- रणनीतिक स्तम्भ- प्रदेशको आबधिक योजनाको रणनीतिक स्तम्भको नम्बर उल्लेख गर्ने,
- प्राथमिकीकरण —आयोजना वा कार्यक्रमको प्राथमिकीकरण (P1, P2) उल्लेख गर्ने,
- लैंगिक संकेत —कार्यक्रम तथा आयोजनामा लैंगिक संकेत दिंदा लैंगिक समानतामा प्रत्यक्ष सहयोग पुर्याउने वा लैंगिक उत्तरदायी निर्दिष्टलाई १, अप्रत्यक्ष सहयोग पुर्याउनेलाई २ र तटस्थलाई ३ अंक दिने,
- जलवायु संकेत —अंक दिंदा अत्यन्त सान्दर्भिकलाई १, सान्दर्भिकलाई २ र तटस्थलाई ३ अंक दिने,
- दिगो विकासको लक्ष्य संकेत —सो आयोजना वा कार्यक्रम दिगो विकास लक्ष्यको कुन लक्ष्यसँग सम्बन्धित छ लक्ष्य नम्बर खुलाउने ।

# नयाँ आयोजना प्रस्ताव गर्दा ध्यान दिनुपर्ने विषय

- नयाँ आयोजनाले आवधिक योजनाको समष्टिगत तथा विषयगत लक्ष्य हासिल गर्न योगदान गर्ने हुनुपर्ने,
- सरकारको नीति तथा कार्यक्रममा उल्लिखित आयोजना समावेश गर्नुपर्ने,
- अध्ययन गरिएका र प्रतिफल दिने आयोजना छनौट गर्नुपर्ने,
- प्रस्तावित आयोजनाको लागत र कार्यान्वयन समय व्यवहारिक (सामान्यतः ३ बर्षमा सकिने) हुनुपर्ने,
- आयोजनाबाट अपेक्षित प्रतिफल, असर र प्रभाव सूचकको लक्ष्य निर्धारण गर्नुपर्ने,
- दोहोरोपन नआउने गरी आयोजना बैंकमा समावेश भएको आयोजना प्रस्ताव गर्ने ।
- आयोजनाको क्रियाकलापगत लागतको अनुमान गरी प्रति एकाई लागतका आधारमा बजेट तर्जुमा गर्ने,
- एकाइ लागत निकाल्दा खर्चको मापदण्ड तथा नर्म्सलाई समेत आधार मान्ने ।

## मध्यमकालीन खर्च संरचनामा दिगो विकासका लक्ष्यलाई समेट्नु पर्ने

- दिगो विकासका लक्ष्यहरुलाई वार्षिक कार्यक्रम र बजेटमार्फत कार्यान्वयन गर्न,
- दिगो विकासका लक्ष्यहरुको मध्यमकालीन प्रगति अनुगमन तथा समीक्षा गर्न,
- तीनै तहका सरकारहरुको दिगो विकासका लक्ष्यहरुको स्वामित्व स्थापित गर्न,
- दिगो विकासका लक्ष्यसंग सम्वन्धित आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट सुनिश्चित गर्न,
- दिगो विकासका लक्ष्यसंग सम्वन्धित आयोजनाहरुको बजेट अनुमान वास्तविक तथा अनुमानयोग्य बनाउन,
- दिगो विकासका लक्ष्यहरुको प्राप्तिमा भएको खर्च पारदर्शी बनाउन र छुट्टै गणना गर्न ।

# मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी प्रमुख सवाल

- प्रदेशको मध्यमकालीन खर्च संरचना र बार्षिक विकास कार्यक्रम छुट्टाछुट्टै तयार गर्न समस्या पर्नु
- प्रदेशको मध्यमकालीन आर्थिक/वित्त खाका बनाउन आवश्यक पर्याप्त आधारहरू नहुनु
- प्रदेशको आवधिक विकास योजनामा रहेका कतिपय सूचकहरूको स्थिति देखाउने सूचना स्रोतको अभाव रहनु
- कार्यक्रम/आयोजनाको त्रिवर्षीय खर्चको यथार्थपरक अनुमान तथा प्रक्षेपणमा समस्या रहनु
- कार्यान्वयन योजना र सो अनुसारको निर्धारित समय र लागतमा आयोजना सञ्चालन तथा सम्पन्न गर्नु
- आयोजना बैंक शुरु गरी आयोजना प्रविष्टि, प्रमाणीकरण र खर्च संरचनासँग आवद्ध गराउनु
- साना टुक्रे आयोजना कार्यान्वयन गर्ने प्रवृत्ति रहँदा स्रोत छरिनु र दोहोरोपनको समस्या रहनु
- क्षमता विकासलगायत अन्य सवाल।

# चालू आबधिक योजना तथा बार्षिक विकास कार्यक्रमको उपलब्धि समीक्षा ढाँचा

| क सं | सूचकहरु | एकाइ | गत आ ब को उपलब्धि | चालू आ ब को अनुमानित उपलब्धि |
|---|---|---|---|---|
| क | आर्थिक विकास क्षेत्रका सूचकहरु | | | |
| | कुल ग्राहस्थ उत्पादन | | | |
| | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | | | |
| | पर्यटन आगमन | | | |
| ख | सामाजिक विकास क्षेत्रका सूचकहरु | | | |
| ग | पूर्वाधार विकास क्षेत्रका सूचकहरु | | | |
| घ | वन तथा वातावरण क्षेत्रका सूचकहरु | | | |
| ङ | सुशासन तथा संस्थागत विकास क्षेत्रका सूचकहरु | | | |

# उपक्षेत्र/कार्यक्रम/आयोजनाको संक्षिप्त बिवरण

## उपक्षेत्रः कृषि

| क.सं. | कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | कुल लागत (रु. लाख) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उच्चमूल्य कृषि उत्पादन प्रवर्द्धन आयोजना | चिया तथा अलैंचीको उत्पादन तथा उत्पादकत्व बढाउने | २०७७/७८-२०८०/८१ | २००० | चिया र अलैंचीको उत्पादन २५ प्रतिशतले वृद्धी भई क्रमशः २.५ मे.टन र ३.७५ मे.टन पुगेको हुने |
| २ | | | | | |
| ३ | | | | | |

# कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण तथा सांकेतीकरणका आधारहरू

- **सामान्य आधारहरू (७० अंक)**
  - आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने:(१५ अंक)
  - प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभ भएको क्षेत्रमा योगदान पुर्याउने (१० अंक)
  - दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउनेः (१०)
  - सहभागिताको अवस्थाः (१०)
  - समावेशीकरणमा योगदान (१०) (क्षेत्रीय समावेशीकरण(५) र सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरण (५))
  - आयोजनाको प्रगति, सम्पन्न हुनलाग्ने समय वा कार्यान्वयन तयारी (१५)

- **क्षेत्रगत* आधारहरू (३० अंक)**
  - आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यअनुरुप नतिजा प्राप्तिमा योगदान (१५)
  - दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान (१५)

(*क्षेत्रगत आधारका लागि आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र सुशासन तथा संस्थागत विकास गरी ५ क्षेत्र)

# प्राथमिकीकरण र कोडिंगसम्बन्धी अन्य विषय

## प्राथमिकता निर्धारणका लागि अङ्कभार

| योगदान | शीर्षक | अङ्क | | |
|---|---|---|---|---|
| | | पूर्णाङ्क १५ | पूर्णाङ्क १० | पूर्णाङ्क ५ |
| प्रत्यक्ष र उच्च योगदान गरेमा | अति उत्तम | १५ | १० | ५ |
| अप्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा | उत्तम | १० | ६ | ३ |
| कम वा सामान्य योगदान गरेमा | सामान्य | ५ | ३ | १ |
| योगदान नपुऱ्याएमा | न्यून | ० | ० | ० |

## आयोजनाहरु (P1) र (P2) मा बर्गीकरण

अंक प्रदान गर्दा आयोजनाको कूल अंक ७५ वा सोभन्दा बढी आएमा प्रथम प्राथमिकता (P1) र ७५ भन्दा कम भएमा दोस्रो प्राथमिकता (P2) मान्ने ।

## आयोजनाहरुको कोडिंग गर्ने

प्रत्येक कार्यक्रम तथा आयोजनालाई रणनीतिक स्तम्भ संकेत, प्राथमिकताक्रम संकेत (P1 र P2), दिगो विकास लक्ष्य संकेत (१ देखि १७), लैंगिक संकेत (निदृष्ठ - १, सहयोगि -२ र तटस्थ-३) र जलवायु संकेत (प्रत्यक्ष- १, अप्रत्यक्ष-२ र तटस्थ-३) प्रदान गर्ने ।

# लैंङगिक संकेत

| लैंङगिक बर्गीकरणका आधार | लैंगिक बर्गीकरण | लैंगिक बजेट कोड |
|---|---|---|
| यदि निर्दिष्ट, सहयोगी र तटस्थमा बर्गीकरण गरिएका क्रियाकलापहरुको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कूल बजेटको ६० प्रतिशत वा सोभन्दा माथि भए | निर्दिष्ट | १ |
| यदि निर्दिष्ट सहयोगी र तटस्थमा बर्गीकरण गरिएका क्रियाकलापहरुको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कूल बजेटको १० देखि ५९ प्रतिशत भए | सहयोगी | २ |
| यदि निर्दिष्ट क्रियाकलापको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कूल बजेटको ९ प्रतिशत वा सोभन्दा कम भए | तटस्थ | ३ |

# जलबायू संकेत

| बजेट/खर्चको अनुपात | उपादेयता | बजेट कोड (संकेत) |
|---|---|---|
| प्रस्तावित कार्यक्रमको ५० प्रतिशतभन्दा बढी बजेट जलबायू परिवर्तनसँग सम्बन्धित भएमा | अत्यन्त सान्दर्भिक | १ |
| प्रस्तावित कार्यक्रमको २० देखि ५० प्रतिशत सम्म बजेट जलबायू परिवर्तनसँग सम्बन्धित भएमा | सान्दर्भिक | २ |
| प्रस्तावित कार्यक्रमको २० प्रतिशतभन्दा कम बजेट जलबायू परिवर्तनसँग सम्बन्धित भएमा वा प्रस्तावित कार्यक्रम जलवायू परिवर्तनसँग सम्बन्धित नभएमा | तटस्थ | ३ |

# कार्यक्रम/आयोजना वा उपक्षेत्रको त्रिबर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र सांकेतीकरण

(रकम रू. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | आगामी पहिलो आ ब को विनियोजन | | | | आगामी दोस्रो आ ब को प्रक्षेपण | | | | आगामी तेस्रो आ ब को प्रक्षेपण | | | | सांकेतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य संकेत | लैंगिक संकेत | जलवायु संकेत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

# बिषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षीय अनुमानको ढाँचा

(रकम रू. हजारमा)

| आर्थिक बर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | समुदाय तथा अन्य स्रोत |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# विषय उपक्षेत्रगत मध्यमकालीन नतिजा सूचक र लक्ष्यको ढाँचा

| | सूचक/लक्ष्य | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०.../... | २०.../.... | २०.../... |
| | कृषि उत्पादन | मे टन | | | | | |
| | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | | | | | |
| | स्थानीय सडक (खण्डास्मिथ) | कि.मि. | | | | | |
| | स्थानीय सडक (धुले) | कि.मि. | | | | | |
| | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | | | | |
| | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | | | | | |
| | ५ वर्ष मुनिका कम तौल भएका वालबालिका | प्रतिशत | | | | | |
| | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | प्रतिशत | | | | | |
| | | | | | | | |

# प्रदेशको समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क्र.सं | सूचक/लक्ष्य | एकाइ | गत आ ब को उपलब्धि | चालू आ ब को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०.../... | २०.../... | २०.../... |
| १ | वार्षिक उत्पादन | रु. लाख | | | | | |
| १.१ | कृषि | रु. लाख | | | | | |
| १.२ | गैर-कृषि (उद्योग र सेवा) | रु. लाख | | | | | |
| २ | औसत पारिवारिक आय | रु. हजार | | | | | |
| ३ | उद्योग ब्यापार र व्यबसाय | सङ्ख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | प्रतिशत | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | | | | | |

# प्रदेशको समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को यथार्थ उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०../.. | २०../.. | २०../.. |
| १ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | | | | |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | | | | |
| ३ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | | | | |
| ४ | प्राविधिक वा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | | | | | |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | | | | |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | | | | | |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | | | | | |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | | | | | |

# प्रदेशको समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र.सं | सूचक | एकाइ | गत आ.व.को यथार्थ उपलब्धि | चालू आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०../. | २०../ | २०../. |
| ९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | | | | | |
| १० | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | | | | | |
| ११ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | | | | | |
| १२ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | | | | | |
| १३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | | | | |
| १४ | ५ वर्षमुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | | | | | |
| १५ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रतिहजार | | | | | |
| १६ | जनजङ्गलको घनत्व (रुख प्रति हेक्टर) | संख्या | | | | | |
| १७ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | | | | | |
| १८ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | | | | | |
| १९ | पर्यटन आगमन | संख्या | | | | | |
| २० | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | | | | | |

# प्रदेशको मध्यमकालीन खर्च संरचनाको विषयबस्तु तथा ढाँचा

परिच्छेद १: परिचय

परिच्छेद २: मध्यमकालीन खर्च संरचना

बार्षिक विकास कार्यक्रम

परिच्छेद ३ : आर्थिक क्षेत्र

परिच्छेद ४ : सामाजिक क्षेत्र

परिच्छेद ५ : पूर्वाधार क्षेत्र

परिच्छेद ६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

अनुसूचीहरू

# कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण
## (प्रदेशको बार्षिक विकास कार्यक्रमलाई एकिकृत गर्न उपयोगी तालिका)

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | कूल लागत (रू.) | अपेक्षित नतिजा | हालसम्मको प्रगती स्थिति | आगामी तीन वर्षको उपलब्धि | आ.व. ............. मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

धन्यवाद !